राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १५९ २०८२ पुस २७ गते आईतवार (11 Jan. 2026) पृष्ठ ४ मूल्य रू. ३।-


## सहिदलाई साक्षी राखेर विकास : मन्त्री गुप्ता



दैनिक समाचारदाता

सिरहा, २६ पुस । मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री राजकुमार गुप्ता (राजु) ले सुन्दर र समृद्ध मधेश प्रदेश बनाउने अभिभारा काँधमा आएको बताउनुभएको छ ।

मधेश आन्दोलनको जननी भूमि लहानमा रहेका सहिदहरुको शालिकमा माल्यार्पण गर्दै यस्तो बताउनुभएको हो । मधेश आन्दोलनमा सहादत्त प्राप्त गरिएका सहिदहरु रमेश महतो, विजय सहनी, बेचन यादव, प्रमोद सदाय र मोहम्मद अनिस अन्सारीको शालिकमा माल्यार्पण गर्दै मन्त्री गुप्ताले भन्नुभयो, “अबको यात्रा समृद्धि विकास नै हो । जनतातले चाहेको पर्णिाम दिन नसकेर देशमा जेनजी विद्रोह भएको हो ।”

जनभावनाअनुसार काम नभएको असन्तुष्टिहरु सम्बोधन गर्न सहिदलाई साक्षी राखेर काम गर्नुपर्ने महसुस गरेर मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी पाएको उहाँले बताउनुभयो ।

आफू मधेश आन्दोलनबाट स्थापित र निर्वाचित जनप्रतिनिधि भएकाले जनभावना अनुसार काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । “मधेश प्रदेश सुगम र सम्भावना भएको प्रदेश भए पनि विकासको गति लिन सकेको छैन । वर्तमान मधेश सरकारले देखिने र महसुस गरिनेगरी काम गर्नतिर उन्मुख छ” उहाँले भन्नुभयो ।

मधेशको जीवनरेखाको रुपमा रहेको कमला पुल निर्माण गाउँलाई सहरसँग जोडने प्रदेशस्तरीय सडक निर्माण कार्य प्राथमिकतामा राखिएको उहाँले प्रष्ट पार्नुभयो । सबैको सहयोग सहमति सहकार्यबाट नै विकास सम्भव रहेकाले बजेट पारदर्शी र समयमा निकासा गरेर अनुगमनको पाटोलाई व्यावहारिक र सामयिक बनाउने मन्त्री गुप्ताले दृढता व्यक्त गर्नुभयो ।

## कुलमानको अडानपछि रास्वपा-उनेपा एकता टुट्यो

दैनिक समाचारदाता

काठमाडौं २६ पुस । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उज्यालो नेपाल पार्टी (उनेपा) बीच हुने भनिएको पार्टी एकता आज (शनिबार) भाँडिएको छ । रास्वपाले एकता भाँडिनुको मुख्य कारण उनेपाका संरक्षक कुलमान घिसिङले राखेका विभिन्न अडानहरू रहेको दाबी गरेको छ ।

पुस १४ गतेदेखि सुरु भएको एकताको पहल १२ दिनसम्म विभिन्न चरणमा छलफल भए पनि अन्ततः दुवै दल एक हुन नसकेपछि आ-आफ्नै ढङ्गले अघि बढ्ने तयारीमा जुटेका छन् ।

रास्वपाका अनुसार उनेपाका संरक्षक कुलमान घिसिङले प्रधानमन्त्रीसरहको पदसहित आफ्ना वरिष्ठ नेता, पदाधिकारी तथा सम्पूर्ण केन्द्रीय सदस्यलाई रास्वपामा समायोजन गर्नुपर्ने सर्त अघि सारेका थिए ।

समानुपातिक उम्मेदवारलाई बन्दसूचीको पहिलो क्रममा राख्नुपर्ने अडानबाट कुलमान पक्ष नहटेपछि सहमति भाँडिएको रास्वपाले जनाएको छ ।

रास्वपाका नेता गणेश पराजुलीले अधिकतम लचकता देखाउँदासमेत उज्यालो नेपालसँग सहकार्य सम्भव नभएको बताए ।

पराजुलीका अनुसार आफूहरूले अवलम्बन गर्दै आएको लोकतान्त्रिक सिद्धान्तमा पुनर्विचार गरी नयाँ राजनीतिक सिद्धान्त निर्माण गर्नुपर्ने उनेपाको मागमा रास्वपाले असहमति जनाएको हो । रास्वपाका प्रवक्ता मनिष झाका अनुसार पदाधिकारी संरचनामा थप तीन पद सिर्जना गर्ने, वरिष्ठ उपसभापति कुलमानलाई दिने



तथा थप एक महामन्त्री राखी उनेपाको भागमा पार्नुपर्ने मागमा सहमति हुन सकेन ।

यसैबीच, एकता भाँडिएपछि उज्यालो नेपाल पार्टीको केन्द्रीय समिति बैठकले कुलमान घिसिङलाई अध्यक्ष घोषणा गरेको छ । विगतमा भएका सहमति कार्यान्वयन नभएपछि र सम्झौताबाट दुवै पक्ष पछि हटेपछि सहकार्य टुङ्गिएको दुवै दलले जनाएका छन् ।

रास्वपा र कुलमान पक्षबीच पुस १४ गते ७ बुँदे पार्टी एकतासम्बन्धी सहमति भएको थियो । तर सोही सहमतिअनुसार दुवै पक्ष अघि नबढेपछि एकता प्रक्रिया भाँडिएको हो । उनेपासँग भएको सहमति रास्वपाको शनिबार बसेको केन्द्रीय सचिवालय बैठकले औपचारिक रूपमा खारेज गरेको रास्वपाले जनाएको छ ।

बैठकमा रास्वपा सभापति रवि लामिछानेले उनेपाको प्रस्ताव स्वीकार गर्न नसकिने अवस्था आएकाले सहमति खारेज गर्नुपरेको बताएका थिए । यता उनेपाका नेताहरूले भने रास्वपा सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशीताका मुद्दामा अस्पष्ट रहेकाले एकता भाँडिएको दाबी गरेका छन् ।

‘मूल विषय सङ्घीयता, धर्मनिरपेक्षता र समावेशीका मुद्दा हुन् । यी विषयमा रास्वपा स्पष्ट हुन सकेन,’ कुलमाननिकट गणेश घिसिङले भने, ‘यिनै कारणले सहकार्य सम्भव भएन, अरू विषय गौण हुन् ।’

स्रोतका अनुसार रास्वपासँगको एकता प्रक्रिया टुटेसँगै उनेपाले पुस २८ अघि नै अर्को दलसँग एकता गरी समानुपातिक उम्मेदवारको नाम सच्याउने तयारी गरेको छ । त्यसपछि प्रत्यक्षतर्फका उम्मेदवार पनि उनेपाले आफ्नै ढङ्गले तय गर्ने जनाएको छ ।

जेनजी आन्दोलनपछि रास्वपा, कुलमान घिसिङ र काठमाडौं महानगरका मेयर बालेन्द्र शाह एकै पार्टीबाट चुनाव लड्ने प्रयास गरिएको थियो । त्यसका लागि हामी नेपाल पार्टीका सुदन गुरुङले मध्यस्थता गरेका थिए । गत पुसमा पनि गुरुङकै पहलमा रास्वपा र उनेपाबीच एकता गराइएको थियो ।

उक्त सहमतिका क्रममा कुलमानले आफ्ना माग राखेपनि पछि समायोजन गर्न सकिने आश्वासन रवि पक्षले दिएको तर पछि कार्यान्वयन नगरी धोका दिएको कुलमान पक्षको गुनासो रहेको छ ।

## पूर्वमन्त्री चन्द्रकान्त चौधरीको निधन

दैनिक समाचारदाता

सप्तरी, २६ पुस । राष्ट्रिय मुक्ति पार्टीका कार्यकारिणी सदस्य एवं पूर्वमन्त्री चन्द्रकान्त चौधरीको ८५ वर्षको उमेरमा निधन भएको छ। डाक्नेश्वरी नगरपालिका-५, पातो निवासी चौधरीको शनिबार बिहान ११:३० बजे आफ्नै निवासमा निधन भएको हो।




स्व. चौधरी नेपाली राजनीतिमा अनुभवी तथा सम्मानित नेताका रूपमा परिचित हुनु हुन्थ्यो । उहाँ तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र ३ बाट निर्वाचित हुनु भएको थियो । प्रतिनिधिसभा सदस्यको हैसियतमा उहाँले जलस्रोत, ऊर्जा तथा सिँचाइ राज्यमन्त्रीको जिम्मेवारी सम्हाल्नु भएको थियो ।

राष्ट्रिय मुक्ति पार्टीका उपमहासचिव गजेन्द्र मण्डलले उहाँको निधनप्रति दुःख व्यक्त गर्दै उहाँको निधनबाट पार्टीलाई अपूरणीय क्षति भएको बताउनु भयो । चौधरी सरल स्वभाव र विकासप्रेमी नेताका रूपमा लोकप्रिय रहनु भएको उहाँको भनाइ छ।

उहाँको निधनप्रति राजनीतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारणले गहिरो दुःख व्यक्त गरेका छन् । स्व. चौधरीका दुई छोरा र एक छोरी छन्। राजनीतिक जीवनको प्रारम्भिक चरणमा उहाँ लामो समयसम्म नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहनु भएको र पछि मधेस केन्द्रित राजनीतिमा सक्रिय हुँदै उहाँ तत्कालीन राजपामा प्रवेश गर्नु भएको थियो ।


अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# चिसो र स्वास्थ्य जोखिम

तराई-मधेश क्षेत्रमा पछिल्ला केही दिनदेखि चिसोको मात्रा लगातार बढ्दै जानुले जनजीवन प्रभावित हुन थालेको छ। बिहान र बेलुकाको कुहिरो, न्यून तापक्रम र शीतलहरले सामान्य मानिसको दैनिकी कठिन बनाइरहेको छ। विशेष गरी गरिब, मजदुर, वृद्धवृद्धा, साना बालबालिका तथा दीर्घरोगी समूह प्रत्यक्ष रूपमा चिसोको प्रभावमा परिरहेका छन्। चिकित्सकहरूले पनि अस्पताल र स्वास्थ्य केन्द्रमा बिरामीको चाप बढिरहेको बताएका छन्, जसले मधेशमा चिसोको असरलाई गम्भीर स्वास्थ्य समस्या बनाउन सक्ने संकेत दिन्छ। वरिष्ठ चिकित्सक वृजमोहन राजकका अनुसार अत्यधिक चिसोले शरीरको प्रतिरोधात्मक क्षमता कमजोर पार्छ। यसका कारण रुघाखोकी, ज्वरो, दम, निमोनिया, ब्रोंकाइटिस, छालासम्बन्धी रोग, जोर्नी दुखाइ, रक्तचाप समस्या र मुटुसम्बन्धी जटिलता बढी देखिने गर्छ। रक्तनली संकुचित हुँदा उच्च रक्तचाप र मुटुका बिरामीमा जोखिम झनै बढ्छ। यसैगरी डा. राजीव झाका पनि भन्छन् कि चिसो मौसममा पहिले भएका रोगहरू बल्झिनु स्वाभाविक हो, जसले दीर्घरोगी बिरामीलाई विशेष सतर्क रहन आवश्यक बनाउँछ।

बालबालिकामा रुघाखोकी, ज्वरो, निमोनिया र कानको संक्रमण बढी देखिने गरेको छ भने वृद्धवृद्धामा जोर्नी दुखाइ, पक्षघातको जोखिम र श्वासप्रश्वाससम्बन्धी समस्या देखिन्छ। खुला स्थानमा काम गर्ने मजदुर, रिक्सा चालक, किसान तथा सडकमा बस्ने नागरिक चिसोबाट सबैभन्दा बढी प्रभावित हुने समूहमा पर्छन्। चिकित्सकहरूले जनतालाई चिसोबाट बच्नका लागि विभिन्न उपाय अपनाउन सुझाव दिएका छन्। न्यानो कपडा, टोपी, मफलर, पञ्जा, मोजा लगायत संवेदनशील अंगलाई ढाक्ने वस्त्रको प्रयोग अनिवार्य छ। बिहान सबेरै र राति अत्यधिक चिसोमा अनावश्यक बाहिर ननिस्कन, कुहिरो लाग्दा यात्रा नगर्न, तातोपानी वा झोलिलो पदार्थ सेवन गर्न, न्यानो र पोषणयुक्त खाना खानु, मदिरा र चुरोट जस्ता स्वास्थ्यका लागि हानिकारक पदार्थबाट टाढा रहनु आवश्यक छ। आगो बाल्दा वा हीटर प्रयोग गर्दा सुरक्षा उपाय अपनाउन, कोठा अत्यधिक बन्द नराख्न र पर्याप्त हावा पुग्ने व्यवस्था मिलाउन पनि चिकित्सकहरूले सुझाएका छन्। यो बेला केवल व्यक्तिगत सतर्कता मात्र पर्याप्त छैन। स्थानीय सरकार, सामाजिक संघसंस्था र सरोकारवाला निकायहरूले असहाय र विपन्न वर्गका लागि न्यानो कपडा वितरण, सुरक्षित ताप्ने स्थानको व्यवस्था र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ। चिसो मौसम आफैंमा रोग होइन, तर लापरबाही र असावधानीले यसलाई धेरै स्वास्थ्य समस्याको कारण बनाउन सक्छ।

अन्ततः, मधेशवासीलाई आवश्यक छ कि चिकित्सकका सल्लाहअनुसार न्यानो बस्ने, स्वस्थ खानपान गर्ने, अनावश्यक जोखिम नलिने र समस्या देखिएमा समयमै उपचारमा जाने अभ्यास अपनाउने। यसरी व्यवस्थित सतर्कता अपनाइएमा चिसोका कारण हुने धेरै स्वास्थ्य जोखिमबाट बच्न सकिन्छ र जनजीवन सहज रहन सक्नेछ।

# आशाको उज्यालो, निराशाको अँध्यारो



सुरेन्द नेपाल श्रेष्ठ

गत १५ वर्ष विश्वभर राजनीतिक अस्थिरता र जनअसन्तोषको लहर चल्यो । यसका मुख्य कारण; जनताको असन्तोष, भ्रष्टाचारविरोध, आर्थिक संकट, मानवअधिकार उल्लंघन, गठबन्धन विघटन र सैन्य हस्तक्षेप रहेका छन् । कतिपय देशमा यी आन्दोलनले सरकार ढालेका छन् वा प्रधानमन्त्री र राष्ट्रपतिको पद परिवर्तन गराएका छन् । विशेषगरी एसिया, अफ्रिका, युरोप र ल्याटिन अमेरिकामा यस्ता गतिविधि निरन्तर देखिएका छन् ।

सन् २०१०-११ को अरब स्प्रिङबाट सुरु भएको यो लहरले ट्युनिसिया, इजिप्ट, लिबियाजस्ता देशमा तानाशाहहरू ढालेका थिए । त्यसपछि युरोपमा सरकारले खर्च घटाउने, कर बढाउने वा सार्वजनिक सेवामा कटौती गर्ने कदम (अस्टरिटी नीति)विरोधी आन्दोलन, ल्याटिन अमेरिकामा आर्थिक संकटविरोधी प्रदर्शन, अफ्रिकामा भ्रष्टाचार र निर्वाचन धाँधलीविरोधी आन्दोलन अनि एसियामा युवा नेतृत्वका विद्रोहहरू भएका छन् ।

विश्वभर हुने प्रदर्शन, विरोध र आन्दोलनहरूको तथ्यांक संकलन र विश्लेषण गर्ने डेटाबेस ,कार्नेगी इन्डोमेन्टको ग्लोबल प्रोटेस्ट ट्र्याकरका अनुसार सन् २०१७ देखि मात्र १४७ भन्दा बढी देशमा ठुला विरोध प्रदर्शन भएका छन् । सन् २०२४ मा मात्र ७० भन्दा बढी देशमा सक्रिय आन्दोलन भएका थिए । श्रीलंकामा उथल पुथल, बंगलादेशमा छात्र नेतृत्वको आन्दोलनले शेख हसिना सरकार ढालेको थियो, केन्यामा करविरोधी प्रदर्शन र सर्बियामा भ्रष्टाचारविरोधी आन्दोलन केही उदारहण हुन् ।

सन् २०२५ मा पनि यो क्रम वैधानिक रूपमा नै जारी रह्यो । विश्वभर ५८ भन्दा बढी देशमा राष्ट्रियस्तरका चुनाव भएका थिए । जसमा राष्ट्रपतीय, संसदीय वा दुवै प्रकारका निर्वाचन समावेश थिए । यी चुनावहरूमा धेरैजसो पुराना सत्ताधारी दलहरूले हार बेहोरेका थिए । तेस्रो विश्वका देशहरूमा मात्र हैन विकसित देशहरू जस्तै बेलायत (कन्जर्भेटिभको ऐतिहासिक हार), जापान (लिबरल डेमोक्र्याटिक पार्टीको बहुमत गुमाएको), दक्षिण अफ्रिका (एएनसीको बहुमत समाप्त) र अमेरिका (डेमोक्र्याटको हार) मा पनि सत्तापरिवर्तनको बहार आयो ।

घटनाहरूले के देखाउँछन् भने जनताको असन्तोष अब सीमित क्षेत्रमा मात्र होइन, विश्वव्यापी बनेको छ । आर्थिक असमानता, महँगी, बेरोजगारी, भ्रष्टाचार र प्रजातान्त्रिक अधिकारको अभाव मुख्य कारक बनेका छन् । युवा पुस्ता ( जेनजी) ले सामाजिक सञ्जालको प्रयोग गरेर यी आन्दोलनलाई तीव्र बनाएका छन्, जसलाई कतिपयले जेनजी विद्रोह भन्ने गरेका छन् । तर धेरै आन्दोलनले दीर्घकालीन परिवर्तन ल्याउन सकेका छैनन । कतिपयमा हिंसा बढेको छ वा नयाँ समस्या उत्पन्न भएका छन् ।

यो विश्वव्यापी असन्तोषले पुराना राजनीतिक दल र नेतृत्वप्रति जनविश्वास घट्दै गएको प्रमाणित गर्छ । नयाँ शक्ति उदाउने अवसर बढेको छ, तर तिनीहरूले पनि संगठन, नीति स्पष्टता र शासन क्षमता नदेखाएमा छोटो आयुको हुने सम्भावना रहन्छ । विश्व राजनीति अब अझ अस्थिर र परिवर्तनशील बन्दै गएको छ ।

विश्वका धेरै देशमा परम्परागत राजनीतिक दलहरू सत्ता, भ्रष्टाचार, नातावाद र जनविमुख नीतिका कारण बदनाम बन्दै जाँदा नयाँ राजनीतिक शक्तिहरू जन्मिएका छन् । ती शक्तिहरूले 'हामी फरक छौँ', 'पुराना जस्तै हुँदैनौँ' भन्ने नारासहित जनताको ठुलो अपेक्षा बोकेर राजनीतिमा प्रवेश गर्दछन् । कतिपय त सरकारसम्म पुगे, ऐतिहासिक जित हासिल गरेका पनि छन् । तर विडम्बना धेरै पार्टीहरू केही वर्षमै कमजोर अनि विभाजित भएर लगभग हराएका छन् । केही उदाहरणका रूपमा पेरुको पेरु लिब्रे, इटालीका इटालिया भिभा र फाइभ स्टार मुभ्मेन्ट (ःऽक), फ्रान्सको ला रेपुब्लिक एन मार्च, स्पेनका पोडेमोस र सियुदादानोस, जर्मनीको पाइरेट पार्टी र बेलायतको युकीप लगायतका पार्टीहरू हुन् । यी सबै दलहरू अलग-अलग भौगोलिक, सांस्कृतिक र वैचारिक पृष्ठभूमि भएका भए पनि, उनीहरूको उदय, सत्ता प्राप्ति र पछि कमजोर हुने प्रक्रिया समान र सिक्नयोग्य छन् ।

पेरु लिब्रे, जसलाई 'फ्री पेरु' पनि भनिन्छ, २०१६ मा स्थापित भएको वामपन्थी पार्टी हो । यसले ग्रामीण, गरिब र पिछडिएका वर्गलाई प्रतिनिधित्व गर्ने लक्ष्य राख्यो र भ्रष्टाचार र पुराना दलप्रति असन्तोषको फाइदा उठाउँदै राजनीतिक मञ्चमा उदायो । २०२१ मा पेद्रो कास्तिलोको नेतृत्वमा पार्टीले राष्ट्रपतीय चुनाव जितेर सत्ता सम्हाले । पार्टीले शिक्षा सुधार, कृषि पूर्वाधार विकास र गरिब वर्गको सामाजिक सुरक्षा विस्तारमा ध्यान दियो । सुरुमा पार्टीले ग्रामीण र पिछडिएका क्षेत्रहरूमा ठुलो लोकप्रियता पायो, तर प्रशासनिक अनुभवको कमी, आन्तरिक विवाद, भ्रष्टाचार आरोप र नीति अस्पष्टताका कारण जनविश्वास घट्यो । कास्तिलोमाथि प्रत्यक्ष र अप्रत्यक्ष विरोध आयो र दीर्घकालीन नीति अभावले पार्टीको प्रभाव सीमित भयो ।

इटालीमा इटालिया भिभा २०१९ मा पूर्व प्रधानमन्त्री मात्तेओ रेन्जीको नेतृत्वमा स्थापित भयो । यो मध्यमार्गी, उद्यमी केन्द्रित पार्टीले पुराना डेमोक्रेटिक पार्टीबाट असन्तुष्ट सांसदहरूको समर्थन पायो र गठबन्धनमार्फत सत्तामा प्रभाव देखायो । तर इटालिया भिभाले स्थायी जनाधार निर्माण गर्न सकेन, यसको नीति उद्यम, आर्थिक सुधार र नवप्रवर्तनमा केन्द्रित भए पनि स्पष्ट वैचारिक दिशा र दीर्घकालीन रणनीति नहुँदा पार्टी अल्पकालीन प्रभावमा सीमित रह्यो । व्यक्तिगत नेता केन्द्रित राजनीति र कमजोर ग्रासरुट्स संगठन यसको पतनका मुख्य कारण बने ।

त्यस्तै इटालीमा नै फाइभ स्टार मुभ्मेन्ट (ःऽक) २००९ मा हास्यकलाकार र सामाजिक आलोचक बेप्पे ग्रिल्लोद्वारा स्थापित भएको थियो । पार्टीले भ्रष्टाचार, पुराना दलको असफलता र सामाजिक असमानता विरोधमा डिजिटल माध्यम र प्रत्यक्ष जनमतमार्फत जनतालाई आकर्षित गऱ्यो । २०१८ मा ःऽक ले संसदीय चुनावमा ठुलो सफलता हासिल गरी सरकारमा प्रवेश गऱ्यो । सुरुमा यसले युवा र असन्तुष्ट मतदाताको ठुलो समर्थन पायो र भ्रष्टाचार नियन्त्रण, सरकारी खर्चमा पारदर्शिता र न्यूनतम आम्दानी विस्तारमा ध्यान दियो । तर नेतृत्व विवाद, नीति अस्पष्टता र अनुभवहीनताका कारण यसको विद्रोही छवि कमजोर भयो र अहिले ःऽक मुख्य रूपमा विपक्षी दलको रूपमा रहँदै आएको छ ।

अन्य युरोपेली उदाहरणहरू पनि यस्तै प्रवृत्ति देखाउँछन् । फ्रान्समा ला रेपुब्लिक एन मार्च (िच्ःः), जसलाई इमानुएल माक्रोँ ले २०१६ मा स्थापित गरे र तुरुन्तै राष्ट्रपति र संसदीय बहुमत प्राप्त भयो । तर सांगठानिक कमजोर आधार र येलो भेस्ट आन्दोलन ले जनविश्वासमा चुनौती पैदा गऱ्यो । दोस्रो पटक निर्वाचन जिते पनि प्रधानमन्त्री फेरिँदैमा समय बितेको छ ।अर्को चुनावमा उनको पार्टीले जित्ने सम्भावना देखिँदैन । स्पेनमा पोडेमोस र सियुदादानोस आर्थिक संकट र बेरोजगारीको विरोधमा उदाए तर आन्तरिक विवाद, अस्पष्ट नीति र गठबन्धन रणनीति अभावका कारण उनीहरू अल्पकालीन प्रभावमा सीमित भए ।

जर्मनीको पाइरेट पार्टी डिजिटल अधिकार र पारदर्शिताको प्रतीक बने तर अनुभव र नीति अभावका कारण स्थायी प्रभाव कायम राख्न सकेन । बेलायतमा युकीपको मुख्य उद्देश्य ब्रेक्सिटको जनमतसंग्रहमा जित्नु थियो । त्यसपछि पार्टी पटक-पटक फेरिएर अहिले फेरि रिफर्मको नाममा नाइजल फराज देखापरेका छन् ।

ब्राजिलमा मजदुर आन्दोलन र वामपन्थी अभियानबाट सत्तामा आएको वर्कर्स पार्टीको दिल्मा रुसफ सरकार २०१६ मा आर्थिक मन्दी र भ्रष्टाचार काण्डपछि बिचमै पतन भयो । चिलीमा २०१९ को विशाल जनआन्दोलनपछि बनेको नयाँ वाम गठबन्धनले गाब्रिएल बोरिचलाई सत्तामा त ल्यायो, तर संविधान संशोधन असफल भएपछि सरकार छिट्टै कमजोर अवस्थामा पुग्यो । इक्वेडोरमा आदिवासी र सामाजिक आन्दोलनको समर्थनमा बनेका सरकारहरू (विशेषतः २००० को दशकपछि) स्थिर रहन सकेनन् र बारम्बार परिवर्तन भए ।

ग्वाटेमालामा भ्रष्टाचारविरोधी आन्दोलनबाट उदाएका नेताहरू छोटो समयमै पुराना शक्ति संरचनासँग टकराएर कमजोर बने । यी सबै उदाहरणले देखाउँछन् कि आन्दोलनबाट सत्ता पुग्नु सम्भव भए पनि संस्थागत तयारी, नीति स्पष्टता र दीर्घकालीन संगठनबिना सरकार टिकाउन अत्यन्त कठिन हुन्छ ।

भारतको अनुभव पनि यही सत्यको पुष्टि हो । आम आदमी पार्टीजस्ता दलहरूले क्षेत्रीय तहमा ठोस काम देखाए पनि राष्ट्रियस्तरमा संगठन, वैचारिक स्पष्टता र आन्तरिक स्थायित्वको अभावले गति गुमाएका छन् । तेलुगु देशम पार्टी, जनता दल र अन्य आन्दोलनजन्य दलहरू पनि समयसँगै गुटबन्दी, व्यक्तिकेन्द्रित नेतृत्व र अवसरवादी राजनीतिका कारण कमजोर बनेका छन् । यी सबै उदाहरणहरूले विश्वव्यापी रूपमा केही साझा राजनीतिक सत्य उजागर गर्छन् । राजनीतिमा आशा प्रायः उज्यालोझैँ देखिन्छ । नयाँ अनुहार, नयाँ नारा र परिवर्तनका सपना बोकेर आउने शक्तिले जनतामा उत्साह जगाउँछ । पुराना दलप्रतिको निराशा, अन्याय र असमानताले थिचिएका नागरिकहरू त्यही उज्यालोतर्फ आकर्षित हुन्छन् । तर जब त्यो आशा संस्थागत तयारी, स्पष्ट नीति र व्यवहारिक क्षमतासँग जोडिँदैन, उज्यालो बिस्तारै ओझेल पर्न थाल्छ र निराशाको अँध्यारो फैलिन थाल्छ ।

आन्दोलनबाट जन्मिएको उत्साह सत्ता पाउनेसम्म बलियो हुन्छ, तर शासन सुरु भएपछि वास्तविक चुनौती देखापर्छ । वाचा पूरा नहुँदा, आन्तरिक द्वन्द्व बढ्दा र निर्णयहरू व्यक्तिकेन्द्रित हुँदा जनविश्वास खस्किन्छ । त्यसबेला आशाको उज्यालो क्षणिक देखिन्छ र निराशाको अँध्यारो दीर्घकालीन बन्छ । यसैले राजनीतिमा साँचो उज्यालो केवल नारा वा व्यक्तित्वमा होइन, बलियो संस्था, सामूहिक नेतृत्व र दीर्घकालीन दृष्टिमा बस्छ । त्यही आधारबिना, आशा बारम्बार जन्मिए पनि अन्ततः निराशामै हराउने खतरा रहिरहन्छ ।

नेपालमा देखिएको परिवर्तनको संकेतले पनि अन्ततः यही विश्व घटनालाई पछ्याउनेजस्तो देखिन्छ । तर यी पाठहरू सिकेर समयमा नै सजग हुने र जनहितको काम गर्ने हो भने वैकल्पिक शक्तिहरूको केही टिकाउ हुन सक्छ । हैन भने नागरिकहरूमा फेरि निराश जन्मिने र उनीहरूले अर्को उपाय खाज्ने छन् ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# कस्ता उखुको मिठा स्वास्थ्यका लागि फाइदाजनक ?



जनकपुरधाम । उखुको रसबाट बनाइने मिठा (गुड) स्वस्थ्यको लागि फाइदाजनक हुने गरेको बताइन्छ । तराई मधेशमा मिठालाई पर्व त्योहारमा बनाइने पकवानमा प्रयोग गरिन्छ र यसलाई शुद्ध पनि मानिन्छ । मिठाको धार्मिक, साँस्कृतिकको महत्वसँगै स्वस्थ्यसँगका लागि पनि अति उपयोगी रहने गरेको पाइन्छ । आधुनिक जीवनशैलीमा अत्यधिक प्रयोग हुने प्रशोधित चिनीका कारण स्वास्थ्यमा देखिन थालेका नकारात्मक असरहरूका बीच उखुको मिठा पुनः सुरक्षित, पोषिलो र औषधीय विकल्पका रूपमा चिनिन्छ ।

उखु किसान हरिनारायण साहका अनुसार चिनीभन्दा मिठा धेरै गुणाले स्वास्थ्यका लागि फाइदाजनक हुन्छ । "मिठा प्राकृतिक रूपमा उखुको रसलाई पकाएर बनाइने भएकाले यसमा कुनै किसिमको केमिकल, रंग वा कृत्रिम पदार्थ मिसाइँदैन," साह भन्छन्, "त्यसैले मिठाबाट बनेका खाद्य सामग्रीले शरीरलाई ऊर्जा दिनुका साथै पाचन प्रणाली मजबुत बनाउँछ ।"

किन स्वास्थ्यकर छ मिठा ?

स्वास्थ्य विज्ञहरूका अनुसार प्रशोधित चिनी उत्पादन गर्दा उखुमा रहेका अधिकांश खनिज तत्व नष्ट हुन्छन् । तर मिठामा भने आइरन, क्याल्सियम, पोटासियम, म्याग्नेसियम जस्ता आवश्यक तत्व केही मात्रामा सुरक्षित रहन्छन् । यही कारणले मिठा खाँदा शरीरमा तुरुन्त ऊर्जा प्राप्त हुनुका साथै रगतमा आइरनको मात्रा बढाउन सहयोग पुग्ने विश्वास गरिन्छ । विशेष गरी जाडो मौसममा मिठा सेवन गर्दा शरीर तातो रहने, रुघाखोकी कम हुने र रोगप्रतिरोधात्मक क्षमता बढ्ने चिकित्सकहरु सुझाउँछन् ।

उखुलाई पेलेर निस्कने रसलाई चुल्होमा पकाएर बनाइने मिठा मुख्यतः चार प्रकारका हुन्छन् । यी सबैको रङ, स्वाद र प्रयोग फरक-फरक हुन्छ ।

**पहिलो - सेतो मिठा**

उखुको रसलाई हल्का आगोमा कम समयसम्म तताएर बनाइने यो मिठा सबैभन्दा स्वास्थ्यकर मानिन्छ । यसमा मिठास हल्का हुन्छ र रंग पनि सेतो(पहेंलो खालको हुन्छ । किसान साहका अनुसार यस्तो मिठा दैनिक चियासँग, बदाम वा च्युरासँग खानु स्वास्थ्यका लागि निकै उपयोगी हुन्छ । पाचन समस्या भएका, कमजोरी महसुस गर्ने र शारीरिक श्रम गर्ने व्यक्तिका लागि यो मिठा विशेष लाभदायक मानिन्छ ।

यद्यपि स्वास्थ्यका लागि उत्तम हुँदाहुँदै पनि यसको माग कम हुने भएकाले किसानहरूले कम मात्रामा उत्पादन गर्ने गरेका छन् ।

**दोस्रो -हल्का कालो मिठा**

उखुको रसलाई अलि बढी समयसम्म उबाल्दा यो किसिमको मिठा तयार हुन्छ । स्वादमा गाढा र रंगमा केही कालोपन देखिने यो मिठा घरायसी पकवानमा बढी प्रयोग गरिन्छ । तराई(मधेशमा मनाइने छठ पर्व, माघे सङ्क्रान्ति लगायतका चाडपर्वमा खिर, पुरी, लयु तथा अन्य परिकार बनाउन यही मिठाको प्रयोग गरिन्छ । यसले परिकारलाई स्वादिष्ट मात्र होइन, पोषणयुक्त पनि बनाउँछ ।

**तेस्रो -कालो मिठा**

उखुको रसलाई धेरै समयसम्म उच्च तापमा पकाउँदा बन्ने यो मिठा हेर्दा गाढा कालो र स्वादमा कडा हुन्छ । मानव उपभोगका लागि कम प्रयोग भए पनि यसको उपयोग पशुपालन क्षेत्रमा महत्वपूर्ण छ । गाई, भैंसी, बाखा जस्ता चौपायालाई औषधिसँग मिसाएर खुवाउँदा दूध उत्पादन बढ्ने र जनावर स्वस्थ रहने किसानहरूको अनुभव छ ।

**चौथो-एकदमै कालो मिठा**

अत्यधिक पकाइबाट बन्ने यो मिठा विशेष गरी मदिरा, पिनी ( स्थानीय भाषामा हुक्कामा प्रयोग गरिन्छ ।) लगायतका औद्योगिक तथा परम्परागत प्रयोजनमा प्रयोग गरिन्छ । प्रत्यक्ष स्वास्थ्य उपयोगभन्दा परम्परागत उत्पादनमा यसको भूमिका महत्वपूर्ण छ ।उखुको मिठा केवल मिठासको स्रोत मात्र होइन, हाम्रो परम्परागत ज्ञान र स्वास्थ्य चेतनाको प्रतीक पनि हो । आधुनिक बजारमा पाइने रसायनयुक्त चिनीको सट्टा प्राकृतिक मिठालाई दैनिक जीवनमा समावेश गर्न सके मधुमेह, मोटोपन र पाचनसम्बन्धी समस्यामा समेत सकारात्मक प्रभाव पर्न सक्ने स्वास्थ्यकर्मीहरू बताउँछन् । स्थानीय उत्पादन, स्थानीय उपभोग र स्वस्थ जीवनशैलीको सन्देश बोकेको उखुको मिठा संरक्षण र प्रवर्द्धन गर्नु आजको आवश्यकता हो । परम्परागत स्वादसँगै स्वास्थ्यलाई जोगाउने यो प्राकृतिक उपजको महत्वलाई नयाँ पुस्तासम्म पुऱ्याउनु सबैको साझा दायित्व बन्ने देखिन्छ ।



*नेपालमा बलिउड अभिनेत्री सन्नी लियोनी :* बलिउड अभिनेत्री सन्नी लियोनी नेपाल आएकी छिन् । काठमाडौँको ठमेलस्थित बाराही होटलको बादशाह क्यासिनो उद्घाटन उत्सवमा सहभागी हुन उनी नेपाल आएकी हुन् ।

# गर्भावस्थामा सिटामोल खाँदा बच्चालाई अटिजम हुन्छ ?

काठमाडौँ । गएको सेप्टेम्बरको अन्तिम हप्तामा दुखाइ निवारक पारासिटामोलबारे विश्वभर व्यापक बहस सुरु भयो । ह्वाइट हाउसमा एक पत्रकार सम्मेलनको क्रममा सेप्टेम्बर २३ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गर्भावस्थामा पारासिटामोल नखान महिलाहरूलाई सल्लाह दिएपछि यसको प्रयोगबारे प्रश्नहरू उठे ।

हालै आएको नयाँ रिपोर्टले भने गर्भावस्थामा पारासिटामोल लिने र बच्चाहरूमा अटिजम वा एडीएचडी हुने जोखिमबिच कुनै ठोस सम्बन्ध फेला नपारेको देखाएको छ । व्यापक अध्ययनहरूको आधारमा डाक्टरहरूको टोलीले यो औषधिलाई आफूले खतरनाक नदेखेको भनेका छन् ।

पारासिटामोल विश्वमा सबैभन्दा बढी प्रयोग हुने दुखाइ कम गर्ने औषधि हो । अमेरिकामा मात्रै झन्डै आधाजसो गर्भवतीले यसको सेवन गरिरहेका छन् । हालैका वर्षमा बच्चाहरूमा अटिजमका घटनाहरू द्रुत रूपमा बढेका छन् । वैज्ञानिकहरूले यस पछाडिका कारणहरू बुझ्ने प्रयास गर्दा केही रिपोर्टले गर्भावस्थामा पारासिटामोलको प्रयोग यसको एउटा कारक हुन सक्ने बताएको थियो । यसै सन्दर्भमा ट्रम्पले पनि पारासिटामोल प्रयोग नगर्न चेतावनी दिएका थिए ।

बच्चामा अटिजम बढ्नुको कारण पारासिटामोलको प्रयोग नभएर



निदानमा समस्याहरूको कारण भएको विशेषज्ञहरू बताउँछन् । ब्रिटिश मेडिकल जर्नलमा प्रकाशित अहिलेसम्मकै सबैभन्दा ठूलो समीक्षामा बच्चाहरूमा अटिजम विकास गर्ने कारक पारासिटामोल हो कि होइन भनेर विशेषज्ञहरूले ४० वटा अध्ययनसहित अघिल्लो पटक भएका व्यवस्थित नौ वटा समीक्षाको विश्लेषण गरेका थिए ।

***के भन्छन् विज्ञ ?***

'महिलाहरूले यो कुरामा सचेत हुनुपर्छ कि हालको प्रमाणले पारासिटामोल र अटिजमबिच कुनै सम्बन्ध पुष्टि गर्दैन । गर्भवतीहरूले ज्वरो वा दुखाइ कम गर्न पारासिटामोलको सेवन गर्न आवश्यक छ भने यसमा कुनै समस्या हुँदैन,' इङ्ल्यान्डकी लिभरपूल विश्वविद्यालयकी सल्लाहकार तथा अध्ययनकी प्रमुख लेखिका प्रोफेसर शकीला थाङ्गराथिनमले भनेकी छन् । गर्भावस्थामा उच्च ज्वरो बच्चाका लागि खतरनाक हुन सक्छ, त्यसैले समयमै उपचार आवश्यक छ । यस उद्देश्यका लागि पारासिटामोल लामो समयदेखि प्रयोग गरिँदै पनि आइएको छ ।

धेरैजसो समीक्षाहरूले गर्भावस्थामा पारासिटामोलको प्रयोग र बच्चाहरूमा अटिजमबिच कुनै पनि सम्बन्धलाई अस्वीकार गरेका छन् । केही अध्ययनहरूले भने यसको प्रयोगमा चिन्ता व्यक्त गरेका छन् । तर धेरैजसो विशेषज्ञहरूले पारासिटामोललाई सुरक्षित मान्छन् । दुई अध्ययनले भने आनुवंशिकी र गर्भवतीको चिकित्सा इतिहासजस्ता अन्य कारकहरूको आधारमा बच्चाहरूमा अटिजमको जोखिमबारे चिन्ता व्यक्त गरेको थियो ।

२० लाखभन्दा बढी स्विडेनी बालबालिकाहरू सामेल अर्को समीक्षाले गर्भावस्थामा पारासिटामोल लिने आमाहरूमा अटिजम र ध्यानमा कमीसँग सम्बन्धी विकारको दर अलि बढी रहेको पत्ता लगाएको छ । तर विज्ञहरूले पारासिटामोल र यसको साइड इफेक्टबारे अन्य धेरै कारक जिम्मेवार रहेको मान्छन् । पहिलेका अध्ययनहरूले पनि अलर्ट गराएको थियो । तर सुरक्षित मात्रामा पनि पारासिटामोलको अत्यधिक प्रयोग खतरनाक हुन सक्ने डाक्टरहरूको टोलीले निष्कर्ष निकालेको छ ।

# मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न

दैनिक समाचारदाता

जनकपुरधाम, २६ पुस। जनकपुरधाममा मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरूका लागि दुई दिने मानव अधिकार रक्षक क्षमता अभिवृद्धि तालिम शनिबार सम्पन्न भएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशको आयोजनामा सम्पन्न तालिममा प्रदेशभरिका मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो।




तालिमको उद्घाटन सत्रमा मधेश प्रदेशका सभामुख रामआशिष यादवले लोकतन्त्र, सामाजिक न्याय र विधिको शासन सुदृढ बनाउन मानव अधिकार रक्षकहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार अभ्यासको आधारमा जिम्मेवार र प्रभावकारी ढंगले कार्य गर्न मानव अधिकार रक्षकहरूलाई आग्रह गर्नुभयो।

मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षण आवश्यक रहेको उल्लेख गर्दै सभामुख यादवले इन्सेकले पटक-पटक छलफल गर्दै आएको मानव अधिकार रक्षकको सुरक्षा सम्बन्धी विधेयकलाई पुनः छलफलमा ल्याई कानुनी रूप दिन समन्वयकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण साहनीले मानव अधिकारको अवधारणा, नेपालमा विद्यमान मानव अधिकारका सवाल, उल्लङ्घन, ज्यादती र अपराधबारे सहजीकरण गर्दै मानव अधिकार रक्षकहरूलाई तथ्य र अध्ययनको आधारमा कार्य गर्न सुझाव दिनुभयो। मानव अधिकार रक्षकहरू चुनौती र जोखिमका बीच कार्य गरिरहेकाले उनीहरूको पहिचान, कानुनी हैसियत र संरक्षणसम्बन्धी स्पष्ट व्यवस्था आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो।

इन्सेक मधेश प्रदेश संयोजक राजु पासवानले मानव अधिकार रक्षकहरू सुरक्षा चुनौतीका बीच कार्य गरिरहेको बताउँदै उनीहरूको सुरक्षा र संरक्षण अपरिहार्य रहेको उल्लेख गर्नुभयो। मानव अधिकार रक्षकको सुरक्षा र पहिचानका लागि छुट्टै कानुन आवश्यक रहेको भन्दै त्यसका लागि मधेश प्रदेशका सभामुख यादवसँग पहल गरिदिन आग्रह गर्नुभयो।

इन्सेक केन्द्रीय कार्यालयका मानव अधिकार शिक्षा कार्यक्रमका फोकल पर्सन तथा अधिवक्ता कृष्णप्रसाद नेपालले दुई दिने तालिमको उद्देश्यबारे प्रकाश पार्दै मानव अधिकार रक्षकहरूले मानव अधिकारमैत्री नीति तथा कानुन निर्माणका लागि प्रदेश र स्थानीय सरकारसँग प्रभावकारी पैरवी गर्नुपर्नेमा जोड दिनुभयो।

मानव अधिकार समूह मधेश प्रदेशकी अध्यक्ष देवीमाया भट्टराईले मानव अधिकार रक्षकहरूले निष्पक्ष र स्वतन्त्र रूपमा नागरिकका अधिकारका सवाल उठाउँदै आएकाले स्थानीय तहमा जनविश्वास बढ्दै गएको बताउनुभयो।

मानव अधिकार रक्षक सञ्जाल मधेश प्रदेशका अध्यक्ष तथा अधिवक्ता राजकुमार महासेठले जोखिमका बाबजुद मानव अधिकार रक्षकहरूले पीडितको पक्षमा खेलेको भूमिकाको चर्चा गर्दै मानव अधिकार रक्षकहरूको सुरक्षा र सशक्तीकरण राज्यको दायित्व भएको स्पष्ट गर्नुभयो।

महिला मानव अधिकार रक्षक सञ्जाल मधेश प्रदेशकी अध्यक्ष तथा अधिवक्ता रेखा झाले लैङ्गिक हिंसा तथा महिलाविरुद्ध हुने हिंसासम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय र कानुनी मापदण्डबारे सहजीकरण गर्दै मानव अधिकार रक्षकहरूको भूमिकालाई अझ संवेदनशील र सशक्त बनाउन इन्सेकले आयोजना गरेको यो तालिम महत्वपूर्ण रहेको बताउनुभयो।

तालिममा मानव अधिकारको क्षेत्रमा क्रियाशील मधेश प्रदेशका मानव अधिकार रक्षकहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

# आगामी चुनाव पूर्वी रुकुमबाट लड्छु : प्रचण्ड



दैनिक समाचारदाता

काठमाडौं २६ पुस। नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले आगामी चुनाव पूर्वी रुकुमबाट लड्ने निश्चित भएको संकेत गरेका छन्। शनिबार रुकुम पश्चिममा आयोजित एकता सन्देश सभालाई सम्बोधन गर्दै उनले सो संकेत गरेका हुन्।

आफ्नो चुनावी योजना सुनाउँदै प्रचण्डले पूर्वी रुकुम र पश्चिम रुकुम एउटै भएको तर्क समेत गरे। उनले यहाँको विकासका लागि आफू सधैं प्रतिबद्ध रहेको बताए।

उनले रुकुमका जनता महान् रहेको र उनीहरू कुनै विचलित तत्त्वको पछि नलाग्ने दाबी गरे। रुकुम एउटा ऐतिहासिक जिल्ला भएको र यहाँका जनताले सधैं क्रान्तिको साथ दिएको बताए।

सम्बोधनका क्रममा प्रचण्डले पार्टीबाट पलायन भएका र विचारबाट विचलित भएकाहरूप्रति कडा प्रहार समेत गरे। उनले केही नेताहरू कम्युनिस्ट आन्दोलन र सिद्धान्त छोडेर गए पनि रुकुमका जनता भ्रममा नपर्ने बताउँदै उनीहरू कसैका दास नभएको समेत उल्लेख गरे।

पलायन हुनेहरुका पछाडि साम्राज्यवादी र प्रतिक्रियावादी षड्यन्त्र रहेको दाबी गर्दै उनले रुकुमेली जनतालाई क्रान्तिका 'लाल सिपाही' को संज्ञा दिए।

प्रचण्डले अब पार्टी हेडक्वार्टरसँग रुकुमेली जनताको सिधा सम्बन्ध हुने आश्वासन समेत दिए। विकास निर्माण, कृषिमा उत्पादकत्व वृद्धि, ऊर्जा, शिक्षा र स्वास्थ्यका क्षेत्रमा नयाँ सङ्कल्पका साथ अघि बढ्न चुनावी घोषणापत्रको लेखन कार्य सुरु भइसकेको जानकारी समेत उनले दिए।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# जापानका प्रधानमन्त्री मध्यावधि निर्वाचन गर्ने तयारीमा

एजेन्सी

टोकियो। जापानका प्रधानमन्त्री साने ताकाइचीले जापान सरकारप्रति जनसमर्थन बढाउन आगामी साताहरूमा आम निर्वाचन गराउने विचार गरिरहेको शनिबार केही जापानी सञ्चारमाध्यमले आफ्नो समाचारमा जनाएका छन्।



गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीमा नियुक्त भएकी ताकाइचीको मन्त्रिपरिषद्ले करिब ७० प्रतिशत अनुमोदन प्राप्त गरेको छ। उनको सत्तारूढ समूहसँग संसद्को शक्तिशाली तल्लो सदनमा झिनो बहुमत मात्र छ, जसले उनको महत्वाकाङ्क्षी नीति र एजेन्डालाई अगाडि बढाउने क्षमतामा बाधा पुर्‍याएको छ।

योमिउरी र माइनिची दैनिक पत्रिकाले नाम नखुलाइएका सरकारी स्रोतलाई उद्धृत गर्दै लेखेका छन्, "उहाँले जनवरी २३ मा संसदको सत्रको सुरुमा तल्लो सदन विघटन गर्ने विचार गरिरहनुभएको छ।"

यसको अर्थ निर्वाचन फेब्रुअरीको सुरूदेखि मध्यसम्म हुने सम्भावना रहेको योमिउरीले जनाएको छ। "ताकाइचीको प्रशासनका केही व्यक्तिहरूले 'आफ्नो जग बलियो बनाउनका लागि समर्थन दर उच्च रहेको बेला संसद् चाँडै विघटन गर्न अघि बढ्नु पर्छ भन्ने धारणा राख्छन्," माइनिचीले लेखेको छ।

ताकाइची सुरुमा अल्पमतको सरकारको प्रमुखको रूपमा जापानको पाँचौ प्रधानमन्त्री बनेकी थिइन्। उनको लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) र यसको गठबन्धन साझेदार जापान इनोभेसन पार्टीले नोभेम्बरमा तीन सांसदहरू एलडिपीमा सामेल भएपछि आफ्नो तल्लो सदनको बहुमत पुनः प्राप्त गरेका छन्।

माथिल्लो सदनमा सत्तारूढ समूह अल्पमतमा छ। "प्रधानमन्त्री ताकाइचीलाई भारी बहुमतले आफुलाई अधिक 'सक्रिय' वित्तीय खर्च र बलियो खुफिया क्षमताको एजेन्डा कार्यान्वयन गर्न मद्दत गर्नेछ," योमिउरीले लेखेको छ।

पत्रिकाका अनुसार यसले ताकाइचीलाई चीनसँगको विवादमा गतिरोध तोड्न पनि मद्दत गर्न सक्छ। ताकाइचीले नोभेम्बरमा चीनले ताइवानमा आक्रमण गरेमा जापानले सैन्य हस्तक्षेप गर्न सक्ने सुझाव दिएपछि सम्बन्ध बिग्रिएको छ।

बेइजिङले सम्भावित सैन्य क्षेत्रमा प्रयोग हुने र 'दोहोरो प्रयोग' हुने सामानहरूको जापानमा निर्यातमा व्यापक प्रतिबन्ध लगाउने घोषणा गरेको छ र कथित रूपमा इलेक्ट्रिक कारदेखि मिसाइलसम्म सबै चीजहरू बनाउनको लागि महत्त्वपूर्ण दुर्लभ खनिज उत्पादनहरूको निर्यातलाई रोकिरहेको छ।

गत महिना ताकाइचीले समस्या फुकाउनका लागि आफू चीनसँग वार्ताका लागि 'सधैं खुला' रहेको बताएका थिए।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४